## के COVID-19 का खोपहरु सुरक्षित छन् ?

COVID-19 का खोपहरू सुरक्षित र प्रभावकारी छन्।

केही मानिसहरुमा यो खोप धेरै नै चाँडो बिकास गरिएको छ र यसले गर्दा यो सुरक्षित छैन कि भन्ने दुविधा छ। यी खोप हरु बैज्ञानिक रुपमा बिकसित र परिक्षण गरिएका छन् र बैज्ञानिक प्रमाणहरु ले यी खोपहरु सुरक्षित रहेको प्रमाणित गरेको छ।
Covid -19 को महामारी ले गर्दा द्रुत गति मा खोप को विकास गर्नु परेको भए पनि यी खोप बिकास गर्दा कुनै पनि नयाँ उपचार बिधि बिकसित गर्दा पुरा गर्नु पर्ने सबै चरण हरु पुरा गरिएका छन्। यी खोप हरु प्रयोग मा ल्याउनु अगाडि दशौं हजार स्वयंसेवकहरू सम्मिलित व्यापक र गहन क्लिनिकल परीक्षणहरू पुरा गरिएका छन् ।

संयुक्त राज्य खाद्य र औषधि प्रशासन - जसलाई FDA भनेर चिनिन्छ , ले यी खोप प्रयोग गर्नका लागि EUA ( आपतकालीन प्रयोग अधिकार ) प्रदान गरे पछि यी खोप सर्वसाधारणको लागि प्रयोग मा ल्याइयो। महामारी जस्तो आपतकालमा, एफडीएले प्राय: सबै औषधी वा खोप स्वीकृत गर्नु भन्दा पहिले सबै प्रमाणहरू संकलन गर्ने समय हुँदैन। त्यसैले FDA ले छोटो अध्ययनमै औषधि वा खोपबाट हुन सक्ने सम्भावित side effects को तुलनामा फाइदा धेरै देखेमा EUA प्रदान गरि सार्वजनिक रूपमा उपलब्ध गराउँदछ। यही कारणले COVID-19 का खोपहरू यति चाँडो उपलब्ध भए। तर यसको मतलब यो होइन कि यी खोप सुरक्षित छैनन ।

## के मैले मेरो बच्चालाई COVID-19 को खोप दिनु पर्छ? के यो सुरक्षित छ?

COVID-19 को खोपले तपाईंको बच्चालाई COVID-19 रोगबाट बचाउन मद्दत गर्दछ। ठूला मानिसको तुलनामा साना केटा केटी मा यो रोग को संभावना कम भएपनि साना केटा केटीहरु यो रोग बाट संक्रमित भइ बिरामी हुन सक्छन र अरु लाई यो रोग सार्न सक्छन। आफ्नो बच्चा लाई खोप लगाएर तपाई आफ्नो बच्चा, परिवार र समुदायमा यो रोग लाग्न बाट बचाउन सक्नु हुन्छ। १२ वर्ष र माथि का मानिस ले COVID 19 बिरुद्द को खोप लगाउन सिफारिश गरिएको छ। हाललाई , फाईजर कम्पनी द्वारा उत्पादित COVID-19 को खोप १२ वर्ष र माथिका बच्चाहरूलाई उपलब्ध छ।

## के खोपमा भाइरस हुन्छ , र यसले मलाई बिरामी पार्छ?

कुनै पनि आधिकारिक रुपमा उपलब्ध COVID-19 विरुद्ध को खोपमा लाइभ भाइरस छैन जसले COVID-19 लाई निम्त्याउँछ। त्यसैले COVID-19 खोप लगाउनाले तपाईंलाई COVID 19 लाग्दैन।

अरु खोप जस्तै कसैकसैलाई यो खोपबाट केही साइड इफेक्टहरू हुन सक्छ। इंजेक्शन लगाएको ठाउँमा सुन्निनु/ दुख्नु, सामान्य थकान महसुस गर्नु , टाउको दुख्ने, मांसपेशी दुख्ने, जाडो हुने , काम छुट्ने, जोर्नी दुख्ने, ज्वरो आउने, र वाकवाक लाग्नु यसका सामान्य साइड इफेक्टहरू हुन् ।

## के COVID-19 खोपले मेरो प्रजनन क्षमतालाई असर गर्दछ?

अहिले सम्म उपलब्ध जानकारीको आधारमा COVID 19 बिरुद्ध को खोप ले गर्भवती हुने क्षमतालाई असर पार्ने देखिएको छैन। कुनै पनि खोप लाई वैज्ञानिकहरूले अहिले हुन सक्ने र भबिस्यमा हुन सक्ने संभावित side effects को लागि सावधानीपूर्वक अध्ययन गर्छन्। COVID-19 खोपहरू पनि अरु खोप जस्तै ध्यानपूर्वक अध्ययन भइरहेको छ र धेरै वर्षसम्म अध्ययन जारी रहनेछ। हालसम्म उपलब्ध जानकारीको आधारमा COVID-19 खोपले गर्भावस्थामा कुनै समस्या गर्दैन। सेन्टर फोर disease कन्ट्रोल (CDC ) को अनुसार COVID-19 खोप लगायत अरु कुनै पनि खोपले महिला वा पुरुष प्रजनन मा समस्या गर्दैन।

## के पछि मैले बूस्टर लिनु पर्छ र यदि हो भने, कहिले?

रोग नियन्त्रण र रोकथाम केन्द्र (CDC ) का अनुसार COVID-19 को बूस्टर डोजको आवश्यकता र लिनु पर्ने समय यकिन भएको छैन। भबिस्यमा बूस्टर डोजको आवश्यकता पर्न सक्छ तर हाललाई  बूस्टर डोज लगाउन सिफारिश गरिएको छैन।

## मैले सुने कि यसले मेरो DNA लाई परिवर्तन गर्दछ। यस्ले कसरी काम गर्छ?

COVID-19 फाइजर र Moderna खोपहरू मेसेन्जर आरएनए (mRNA पनि भनिन्छ) खोपहरू हुन्, र ती परिवर्तन हुँदैनन् वा कुनै पनि हिसाबले तपाईंको DNA सँग अन्तर्क्रिया गर्दैनन्।
एमआरएनए खोपले तपाईंको शरीरका कोषहरूलाई कसरी भाइरसबाट तपाईंको शरीरलाई सुरक्षा दिने प्रोटीन बनाउने भनेर निर्देशन प्रदान गर्छ । खोप कुनै पनि हिसाबले तपाइँको डीएनएको सम्पर्कमा आउँदैन। जॉनसन र जॉनसन COVID-19 खोपले निर्देशनहरू प्रदान गर्न बिभिन्न भाइरसको परिमार्जन गरिएको संस्करण प्रयोग गर्दछ, जुन कुनै पनि हिसाबले तपाईंको DNA सँग सम्पर्कमा आउदैन वा अन्तरक्रिया गर्दैन।

## के मलाई वास्तवमै दुई डोज चाहिन्छ ?

रोग नियन्त्रण र रोकथाम केन्द्र (CDC) का अनुसार यदि तपाईले दुई डोज को  COVID खोप लिईरहनु भएको छ भने तपाईलाई दोस्रो डोज  लिन जरुरी छ। दुई डोज खोपहरू दोस्रो डोज लगाए पछि मात्र अधिक प्रभावकारी र सुरक्षात्मक हुन्छन।दुई डोज खोपहरूको परीक्षणको क्रममा अनुसन्धानले के देखायो भने एक निश्चित समय पछि, रोग प्रतिरोधात्मक क्षमता को मात्रा पहिलो डोज पछि एक निश्चित स्तर मा रहन्छ र दोस्रो डोज लगाए पछि त्यो मात्रा धेरै नै बढेर जान्छ। CDC ले गरेको अध्ययन हरु ले pfizer को पहिलो डोज ले ६०-७० % प्रभावकारिता देखायो। पछिको अरु अध्ययन ले पहिलो  डोज  ले ८० % प्रभावकारिता र दोस्रो डोज ले ९० % प्रभावकारिता देखायो। फाइजर को अनुसार दुई डोज खोप ले  ९१ % प्रभावकारिता दिन्छ र COVID 19 रोग लागेर गम्भीर अवस्थामा पुग्नबाट बचाउँछ। Moderna को खोप एक डोज  पछि करीव ७० प्रतिशत र दोस्रो डोज  पछि ९४ प्रतिशत प्रभावकारी भएको पाइयो। त्यसैले सुरक्षित हुन दुई डोज नै लगाउनु पर्छ।